का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०

■ एनओसी निर्वाचनबारे आइओसीले भन्यो-

# हामी घटनाक्रम नियालिरहेका छौँ

## १३ पुसमा भएको एनओसी निर्वाचन र साधारणसभालाई मान्यता दिइनसकेको तथा नजिकबाट अध्ययन गरिरहेको आइओसी र ओसिएको पत्र, श्रेष्ठ नेतृत्वको एनओसीलाई धक्का

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले नेपाल ओलम्पिक कमिटी (एनओसी)को निर्वाचनलाई अहिलेसम्म मान्यता दिइनसकेको र घटनाको नजिकबाट अध्ययन भइरहेको बताएको छ। ओलम्पिक सोलिडारिटीका निर्देशक जेम्स म्याकलेओ र ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)का जनरल डाइरेक्टर हुसैन अल मुस्लामले मंगलबार जीवनराम श्रेष्ठ अध्यक्ष रहेको एनओसीलाई पत्र पठाउँदै सबै पक्षलाई मिलाएर चाँडो समस्या समाधान गर्न आग्रह पनि गरेका छन्। अदालत र सरकारको निर्देशनविपरीत १३ पुसमा एनओसीको निर्वाचन भएको थियो।

'एनओसीको निर्वाचनमा धेरै सदस्यले कानुनसम्मत प्रश्न उठाएका छन्, सरकार वा अदालतबाट यसको निर्णय नहुँदासम्म हामीले केही निर्णय गरेका छैनौँ,' आइओसीको पत्रमा भनिएको छ, 'हामीले पछिल्लो घटनाक्रम नजिकबाट नियालिरहेका छौँ।' सो पत्रमा एनओसीका अध्यक्ष र महासचिवलाई सम्बोधन गरिएको छैन।

आइओसीले साधारणसभा र निर्वाचनको विषयमा उठाएको प्रश्नबारे आफूहरू सचेत रहेको जानकारी एनओसीका सदस्यहरूलाई दिएको छ। अन्तर्राष्ट्रिय खेलकुदको प्रमुख संस्थाको यो पत्रसँगै जीवनराम श्रेष्ठ अध्यक्ष रहेको एनओसीको निर्वाचनले अन्तर्राष्ट्रिय मान्यता अहिलेसम्म पाइनसकेको देखिन्छ। यद्यपि, एनओसीले आफूहरूको निर्वाचनलाई मान्यता प्रदान गरेको दाबी गरिरहेको छ।

यसैबिच एनओसीले बुधबारै जारी गरेको विज्ञप्तिमा आफूहरूको निर्वाचनलाई मान्यता नदिएको विषयमा सत्यता नरहेको दाबी गरेको छ। '१३ पुसमा भएको ओलम्पिकको निर्वाचनलाई आइओसी र ओसिएले लेखेको पत्रमा अमान्य र अवैधानिक भनेर कहीँकतै उल्लेख छैन,' एनओसीका अध्यक्ष, महासचिव वा प्रवक्ताको हस्ताक्षरविना जारी भएको विज्ञप्तिमा भनिएको छ, 'अदालतमा विचाराधीन मुद्दाको अन्तिम किनारा नलागेसम्म केही धारणा व्यक्त गर्न नसकिने मात्र भनिएको छ र सबै पक्षलाई मिलाएर जतिसक्दो चाँडो समस्या समाधान गर्न पनि आग्रह मात्र गरिएको छ।' निर्वाचनअघि विधान संशोधन गर्ने कार्य राम्रो नहुने भन्दै आइओसीले तत्कालीन एनओसीलाई सुझाव दिएको थियो।

> एनओसीको निर्वाचनमा धेरै सदस्यले कानुनसम्मत प्रश्न उठाएका छन्, सरकार वा अदालतबाट यसको निर्णय नहुँदासम्म हामीले केही निर्णय गरेका छैनौँ

> '१३ पुसमा भएको ओलम्पिकको निर्वाचनलाई आइओसी र ओसिएले लेखेको पत्रमा अमान्य र अवैधानिक भनेर कहीँकतै उल्लेख छैन

### ■ मिलेर समाधान खोज्न निर्देशन

आइओसी र ओसिएका पदाधिकारीले साधारणसभा र निर्वाचनको विवाद अदालतमा पुगेको र अन्तिम निर्णयको प्रतीक्षामा रहेको जनाएका छन्। उनीहरूले एनओसीलाई सबै पक्ष मिलेर समाधान खोज्न निर्देशन दिएका छन्। 'ओलम्पिक चार्टर, सुशासन र सर्वमान्य सिद्धान्तका आधारमा समाधान खोज्न सुझाव छ। यस्तै, सबैलाई स्वीकार्य हुने गरी छिटो र सौहार्दपूर्ण तरिकाले समाधान निकाल्न जरुरी छ,' आइओसीको पत्रमा उल्लेख छ। यसअघि आइओसी र ओसिएले पत्र पठाउँदा एनओसी अध्यक्ष र महासचिवको नाममा पत्र आउने गर्थ्यो। यसपटक दुवैको नाममा नभएर सबै सदस्यलाई एकैसाथ सम्बोधन हुँदा एनओसीको निर्वाचनलाई अन्तर्राष्ट्रिय संस्थाले मान्यता नदिएको दाबी स्रोतले गरेका छन्। 'अध्यक्ष वा महासचिवको नाममा पत्र नआउनुको अर्थ आइओसी र ओसिएले निर्वाचनलाई वैधानिक मानेको छैन। यदि निर्वाचनलाई मान्यता दिएको भए, सीधै अध्यक्ष वा महासचिवको नाममा पत्र आउनुपर्ने थियो,' स्रोतले भन्यो।

### ■ अनलाइन भोटिङ

सर्वोच्च अदालतको आदेश र राष्ट्रिय खेलकुद परिषद्को निर्देशनको बाबजुद एनओसीको गत पुसमा अनलाइन भोटिङमार्फत निर्वाचन भएको थियो। परिषद्ले अदालतको आदेशविपरीत निर्वाचन हुन लागेको भन्दै संघलाई भाग नलिन निर्देशन दिएको थियो। अदालत र सरकारको निर्देशनविपरीत भएको निर्वाचनबाट श्रेष्ठ तेस्रो कार्यकालका लागि निर्वाचित भए। अध्यक्षमा उम्मेदवारी दिएका तत्कालीन एनओसीका महासचिव निलेन्द्रराज श्रेष्ठ निर्वाचन प्रक्रियामा सहभागी भएनन्।

निर्वाचनमा २७ मध्ये २० सदस्यले अनलाइनबाट मत दिएका थिए। फुटबल, एथलेटिक्स, कुस्ती, सुटिङ, ट्रायथलन, हक्की र फेन्सिङ संघले निर्वाचनमा भाग लिएनन्। फेन्सिङ संघका अध्यक्ष सुनीलकुमार श्रेष्ठले एनओसीको निर्वाचन प्रक्रियाको विरोध गर्दै आइरहेका छन्। जीवनरामले तेस्रो कार्यकाल अध्यक्षका लागि आफैँ महासचिव हुँदा बनाएको विधान संशोधन गरेका थिए। जीवनरामको यो निर्णय गैरकानुनी भन्दै अदालतमा मुद्दा दायर भएको थियो।

उच्च अदालत पाटनले साधारणसभा रोक्न आदेश र सर्वोच्च अदालतले निर्वाचन नगराउन अन्तरिम आदेश दिएको थियो। राष्ट्रिय खेलकुद ऐन, २०७७ र ओलम्पिक कमिटीको २०११ को विधानमा पनि लगातार दुई कार्यकाल निर्वाचित हुन पाउने उल्लेख छ। विधान संशोधन गरी निर्वाचन प्रक्रिया अघि बढाएपछि ओलम्पिकको विवाद सुरु भएको हो। अहिले सर्वोच्चमा एनओसी अध्यक्षमाथि अदालतको मानहानिको अर्को मुद्दा पनि छ।

■ त्रिकोणात्मक टी-२० आई सिरिज

# नेपालविरुद्ध नेदरल्यान्ड्स १० विकेटले विजयी

**नयाँ पत्रिका**




नेपाली महिला राष्ट्रिय क्रिकेट टोली त्रिदेशीय अन्तर्राष्ट्रिय टी-२० सिरिजमा लगातार पाँच खेलमा पराजित भएको छ। त्रिवि क्रिकेट मैदानमा नेपाल बुधबार नेदरल्यान्ड्ससँग १० विकेटले पराजित भयो। यू-१९ टोलीकी कप्तान पूजा महतोले अर्धशतकीय इनिङ्स खेले पनि फितलो बलिङ र फिल्डिङका कारण नेपालले लजास्पद हारको सामना गरेको हो।

नेदरल्यान्ड्सको क्रिकेट इतिहासमा यो कीर्तिमानी जित हो। यसअघि नेदरल्यान्ड्सले कुनै पनि टोलीविरुद्ध दश विकेटको जित निकालेको थिएन। पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा चार विकेट गुमाउँदै १४५ रनको योगफल बनायो। प्रत्युत्तरमा नेदरल्यान्ड्सले १९.४ ओभरमा विनाविकेट क्षति १५१ रन जोडेको थियो। जितसँगै नेदरल्यान्ड्सले शीर्ष स्थानमा रहँदै उपाधि जित्ने सम्भावना कायमै राखेको छ। नेपालको भने उपाधि यात्रा समाप्त भइसकेको छ।

पाँच खेलमा तीन जितसँगै नेदरल्यान्ड्सले ६ अंक जोडेको छ। नेदरल्यान्ड्सले बिहीबार शीर्ष स्थानमा रहेको थाइल्यान्डको सामना गर्नेछ। थाइल्यान्डले चारै खेलमा जित निकाली सर्वाधिक ८ अंक बनाएको छ। सिरिजमा नेदरल्यान्ड्सले नेपाललाई यसअघि २० र १५ रनले हराएको थियो। नेपाल थाइल्यान्डसँग चार विकेट र पाँच रनले पराजित भएको थियो।

### ■ कीर्तिमानी साझेदारी

१४६ रन पछ्याएको नेदरल्यान्ड्सका लागि ओपनर कालिस र मोल्केनबोएरले कीर्तिमानी साझेदारी गरेका थिए। दुवैले अविजित १५१ रनको साझेदारी गरी नेदरल्यान्ड्सलाई दश विकेटको जित दिलाए। कालिस शतकीय इनिङ्स खेल्न २ रनले चुकेकी थिइन्। उनले ६९ बलमा ११ चौका र दुई छक्कासहित अविजित ९८ रन बनाइन्। मोल्केनबोएरले ४९ बलमा चार चौकाको सहयोगमा ४८ रन बनाइन्।

चालू सिरिजमा यी दुई खेलाडीबिचको साझेदारी कुनै पनि विकेटका लागि अहिलेसम्म भएको सर्वाधिक हो। नेपालकी सीता रानामगर महँगो बलर बनिन्। उनले तीन ओभरमा २६ रन खर्चिन्। सीतासहित पूजा, मनीषा उपाध्याय, कविता जोशी, कप्तान इन्दु बर्मा, रुबिना क्षेत्री विकेटविहीन रहे।

### ■ पूजाको अर्धशतक

उत्कृष्ट फर्ममा रहेकी पूजाले नेदरल्यान्ड्सविरुद्ध अर्धशतक बनाइन्। चालू सिरिजमा नेपालबाट अर्धशतक बनाउने उनी पहिलो खेलाडी हुन्। पूजाले ५१ बलमा पाँच चौकासहित अविजित ६२ रनको योगदान गरिन्। अन्तर्राष्ट्रिय टी-२० मा उनको यो दोस्रो अर्धशतक हो। गत वर्ष एसिसी प्रिमियर कपमा उनले माल्दिभ्सविरुद्ध अविजित ५९ रन बनाएकी थिइन्। पूजाले कप्तान इन्दु बर्मासँग तेस्रो विकेटका लागि ७८ रनको साझेदारी गरेकी थिइन्। इन्दुले ३७ बलमा पाँच चौकासहित ३९ रनको योगदान गरिन्। पूर्वकप्तान रुबिना क्षेत्रीले २० रन बनाइन्।

> **विकेट लिन नसक्नु दुर्भाग्य**
>
> ● **पूजा महतो**, खेलाडी, नेपाल
>
> ब्याटिङमा राम्रो गरेका थियौँ, तर बलिङ र फिल्डिङ खराब रह्यो। नेपाली टोलीमा फिल्डिङमा धेरै समस्या छ। धेरै क्याच मिस गरेका छौँ। ब्याटिङमा राम्रो गरे पनि बलिङमा राम्रो गर्न सकिनँ। नेपाली क्रिकेटमा धेरै समर्थक छन्। त्रिवि क्रिकेट मैदानमा विपक्षीको एक विकेट लिन नसक्नु लजास्पद हो। यो एक किसिमले दुर्भाग्य हो।

## खेल संक्षेप

### ग्रेट हिमालय सेमिफाइनलमा

**काठमाडौं**/ ग्रेट हिमालय क्रिकेट एकेडेमी प्रधानमन्त्री कप पुरुष क्रिकेट काठमाडौं जिल्ला छनोटको सेमिफाइनलमा प्रवेश गरेको छ। मूलपानीको माथिल्लो क्रिकेट मैदानमा ग्रेट हिमालयले बालुवाटार क्बललाई १८ रनले हरायो। तीन खेलमा ६ अंक जोडेर ग्रेट हिमालयन समूह 'बी'को विजेता हुँदै अन्तिम चारमा पुगेको हो। २ अंक जोडेको बालुवाटार प्रतियोगिताबाट बाहिरियो। महावीर क्लब पनि सेमिफाइनलमा पुगेको छ। अर्को खेलमा एन्जल्स स्पोर्ट्स् एकेडेमीले ग्रेट हिमालयको 'ए'लाई सात विकेटले पराजित गरेको छ। ग्रेट हिमालयले दिएको १४४ रनको लक्ष्य पछ्याएको बालुवाटारले २० ओभरमा पाँच विकेट गुमाउँदै १२५ रन मात्रै बनाउन सक्यो। बालुवाटारका लागि प्रसिद्ध जैसीले ५३ बलमा ५२ र सुजल खड्गीले ४३ बलमा ५१ रन बनाए। ग्रेट हिमालयले २० ओभरमा पाँच विकेट गुमाउँदै १४३ रनको योगफल बनायो।

### विश्वविद्यालय खेलकुद सुरु

**कास्की**/ त्रिभुवन विश्वविद्यालयका सुशीलकुमार बानियाँ र मधेश प्रदेश विश्वविद्यालयकी हिमाली शाहीले पोखरामा बुधबारदेखि सुरु दोस्रो विश्वविद्यालय खेलकुद प्रतियोगिताअन्तर्गत चार सय मिटर दौडमा पुरुष र महिलातर्फ पहिलो स्थान हात पारेका छन्। पोखरा रंगशालामा बानियाँले निर्धारित दूरी ५३.९१ सेकेन्डमा पूरा गरे। शाहीले १ मिनेट १०.४६ सेकेन्डमा दूरी पार गर्दै स्वर्ण पदक जितिन्। प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले गरेका थिए।

### अन्तरविद्यालय स्केट शनिबार

**काठमाडौं**/ दोस्रो ज्ञान संस्कार राष्ट्रिय अन्तरविद्यालय स्केट प्रतियोगिता शनिबार हुने भएको छ। ज्ञान संस्कार इन्टरनेसनल स्कुल र नेपाल स्केटिङ तथा स्केटबोर्डिङ संघको संयुक्त आयोजनामा हुने प्रतियोगितामा दुई सय खेलाडीको सहभागिता रहने ज्ञान संस्कारकी प्रधानाध्यापक नीलम बानियाँ बडूले बताइन्। प्रतियोगितामा छात्र र छात्रामा १२ स्पर्धामा खेल हुनेछ। प्रधानाध्यापक नीलमले अन्तर्राष्ट्रिय मञ्चमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्न प्रतियोगिताले सहयोग पुऱ्याउने बताइन्।

# चर्च ब्वाइज उपाधिनजिक



**धरानमा** केदार बस्नेत

चर्च ब्वाइज युनाइटेड क्लब २५औँ बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजले भुटानको रोयल थिम्पु कलेजलाई ७-० को फराकिलो अन्तरले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो। चर्च ब्वाइजलाई उपाधिनजिक पुऱ्याउन समीर तामाङ र अर्मान्ड भिदोङले ह्याट्रिक गरेका थिए।

समीरले खेलको २१औँ, ५६औँ र ८५औँ मिनेटमा गोल गर्दै प्रतियोतिगामा पहिलो ह्याट्रिक लगाए। अर्मान्डले खेलको २७औँ, ५०औँ र ५२ औँ मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे। चर्च ब्वाइजका पदम भट्टराईले २९औँ मिनेटमा एक गोल थपे। खेलको २१औँ मिनेटमा चर्च ब्वाइजले १-० को अग्रता लिएको थियो।

कमजोर फिनिसिङ र रक्षापंक्ति प्रदर्शन गरेको रोयल थिम्पुले खेलको १९औँ मिनेटमा गोल अवसर खेर फालेको थियो। नियन्दा योसेलले चर्च ब्वाइजका गोलरक्षकविरुद्ध वान भर्सेस वानमा पनि गोल गर्न सकेनन्। रोयल थिम्पुले पहिलो खेलमा राष्ट्रिय जागृति क्लब इटहरीलाई ४-१ ले हराएको थियो। चर्च ब्वाइजले नेपाल पुलिस क्लबमाथि १-० को जित निकाली सेमिफाइनल स्थान बनाएको थियो। प्रतिस्पर्धामा बिहीबार एनआरटीले युकेएफसी भारतविरुद्ध सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ। २६ माघमा हुने फाइनलको विजेताले १० लाख र उपविजेताले पाँच लाख प्राप्त गर्नेछन्।

■ आहारारा पोखरा गोल्डकप

# एपिएफलाई हराउँदै मच्छिन्द्र अन्तिम आठमा

**कास्कीमा** रोहितराज पराजुली



मच्छिन्द्र फुटबल क्लबले २४औँ आहारारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा स्थान पक्का गरेको छ। दोस्रो प्रिक्वार्टरफाइनलअन्तर्गत पोखरा रंगशालामा बुधबार भएको खेलमा मच्छिन्द्रले नेपाल एपिएफ क्लबलाई २-० गोल अन्तरले पराजित गर्दै अन्तिम आठमा स्थान बनाएको हो। मच्छिन्द्रले २७ माघको सेमिफाइनल प्रवेश खेलमा श्री स्टार क्लबविरुद्ध प्रतिस्पर्धा गर्नेछ।

पहिलो हाफमा दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए। दोस्रो हाफमा मच्छिन्द्रले उत्कृष्ट फिनिसिङ देखाउँदा एपिएफको केही लागेन। खेलको ७४औँ मिनेटमा मच्छिन्द्रले एपिएफको बलियो रक्षापंक्ति तोड्दै १-० को अग्रता लियो। आदित्य शाक्यले अग्रता दिलाएका हुन्। उनले आयुष घलानको पासमा उत्कृष्ट फिनिसिङ गरेका थिए। मैदानको मध्यभागबाट आयुषले आदित्यलाई पास दिएका थिए। आयुषले एपिएफका तीन रक्षकलाई छलाउँदै डिबक्सभित्रबाट दोस्रो बारमा सीधै गोल गरे। खेलको ८१औँ मिनेटमा विदेशी खेलाडी स्टेफन कामाहाले मच्छिन्द्रलाई २-० को अग्रता दिलाए। कामाहाले देवेन्द्र तामाङको फ्रिकिकबाट आएको बललाई डिबक्सभित्र हेडिङ गोल गरेका हुन्।

> **कमजोरी सुधार्न बाँकी छ**
>
> ● **सन्तोष न्यौपाने**, प्रशिक्षक, मच्छिन्द्र
>
> एपिएफविरुद्ध खेलाडीले राम्रो खेलेका थिए। जित निकाले पनि अझै पनि कमजोरी देख्छु। यसमा सुधार गर्न आवश्यक छ। आगामी खेलमा ती सबै कमजोरी सुधार गरी प्रतिस्पर्धा गर्नेछौँ।

> **हामी फिनिसिङमा चुक्यौँ**
>
> ● **जीवेशकुमार पाण्डे**, प्रशिक्षक, एपिएफ
>
> मच्छिन्द्रविरुद्धको खेलमा एपिएफले राम्रो प्रदर्शन गरेको थियो। खेलाडीले फिनिसिङमा कमजोरी गरे। खेल जित्न स्कोर आवश्यक पर्छ। हामीले सहज गोल अवसर पनि चुकायौँ।

# न्युटन र ग्रिनल्यान्ड विजयी

**नयाँ पत्रिका**

न्युटन र ग्रिनल्यान्डले प्रथम फेरिल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा जित निकालेका छन्। बुधबार भएको खेलमा न्युटनले हिमालयलाई २८-१६ ले पराजित गऱ्यो।



ग्रिनल्यान्डले सेन्ट जोसेफलाई १५-१२ ले हरायो। जुनियर पुरुषमा वसुन्धरा नेसनल एकेडेमीले पिक प्वाइन्टमाथि ३५-२५ को जित निकाल्यो। किङडम हिमालयनले गुरुकुललाई ५१-२८ ले पाखा लगायो। जुनियर महिलामा न्युटनले सेन्ट जोसेफलाई २६-१४ ले हरायो। बौद्ध चिल्ड्रेन हेभेनले मन्जरीलाई ३७-२२ र ग्रिनल्यान्डले लोयल्टी एकेडेमीलाई १७-१२ ले पाखा लगाए। एनसिसिएसले एपेक्स लाइफलाई २४-१७ ले पन्छायो।

**Kalika Municipality**

**Office Of Municipal Executive**

**Redcrossgram, Chitwan**

**INVITATION FOR BIDS**

**Contract Identification No: 16/Works/NCB/KM/081/082**

**First date of publication: - 2081-10-24 (6th February, 2025)**

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the Construction of below mentioned work under National Competitive Bidding - procedures, mentioned in the table below.

| S. N. | Contract No. | Description of Work | Key Qualifications | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 16/Works/NCB/KM/081/082 | Construction of Bridge at Kalika Na Pa 10 Kayar Khola | • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs 52.10 Million.** • Minimum Work experience of similar size and nature: **One Pre-stressed Concrete Bridge Construction Work** Contracts & value of the project not less than **NRs 31.26 Million.** | 120 days from the date of Bid opening. | 15,00,000/- | 5,000/- |

**Account details for purchasing bidding document and bid security deposit**

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.

Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.

Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं : १४२१९

Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Last Date of Bids Submission Date: Before 12 PM on 2081-11-25 (9th March, 2025)

Bids Opening Date: At 13:00 PM on 2081-11-25 (9th March, 2025)

Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com